भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु
मिति २०८०/०४/१० गते

# नगर कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु

निर्णय नं. १ : जिल्ला दर रेट निर्धारण समिति, दोलखाले आ.व. २०८०/०८१ का लागि निर्धारण गरेको जिल्ला दर रेटलाई नै यस नगरपालिकाको लागि पनि आ.व. २०८०/०८१ को लागि दर रेट कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : गत आर्थिक वर्ष २०७९/०८० का लागि सङ्घ र प्रदेश सरकारबाट प्राप्त भएको बजेटको सीमा र सिलिङको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरी विनियोजन ऐन २०७९ अनुसार कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन गर्दा बजेटको सीमा तथा सिलिङबमोजिम अनुदान र राजस्व बाँडफाँटको रकम प्राप्त नभएको र लक्ष्यअनुसार आन्तरिक राजस्व सङ्कलन नभएको कारण नियमानुसार सम्पन्न भई भुक्तानी माग हुने कार्यक्रम तथा आयोजनाहरुको हकमा सम्बन्धित स्रोतमा अनुदान एवम् राजस्व बाँडफाँटको रकम निकासा नभएको कारणले भुक्तानी हुन नसक्ने भएमा नगरपालिकाको सञ्चित कोष र विशेष कोषमा उपलब्ध भएका स्रोतहरु मध्येबाट सम्पन्न भएका कार्यक्रम तथा आयोजनाहरुको रकम भुक्तानी गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने मिति २०८०/०३/१० गते सम्पन्न तेस्रो नगर सभाको दोस्रो बैठकको निर्णय (६) बमोजिम नियमानुसारको प्रक्रिया पूरा भएर कार्यसम्पन्न भई आवश्यक कागजातसहित भुक्तानी माग भएका कार्यक्रम, आयोजना एवम् खर्चहरुका लागि सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी र आपूर्तिकर्ता लगायतका पक्षहरु प्रतिको दायित्वलाई ध्यान दिंदै स्रोतगत निकासाको अभावमा स्रोतान्तरण गरी खर्च खाताबाट भएको भुक्तानी र कार्यसञ्चालन कोष अन्तर्गतको विविध खर्च खाता र विशेष कोष खाताको बजेट उपशीर्षकहरुबाट भएको भुक्तानीलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै विविध खर्च खाता र विशेष कोष खाताको बजेट उपशीर्षकहरुबाट यस आर्थिक वर्षमा कुनै भुक्तानी गर्न आवश्यक भएमा कार्यपालिकाको निर्णयानुसार खर्च खाताबाट ती बजेट उपशीर्षकका लागि सोधभर्ना उपलब्ध गराइ भुक्तानी गर्ने निर्णयसमेत गरियो ।

निर्णय नं. ३ : भीमेश्वर नगरपालिकाबाट जारी 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी नियमावली, २०७५ (खण्ड १ भाग २ मिति २०७५/०१/०८) को पहिलो संशोधनको लागि तयार गरी पेश भएको संलग्न तीन महले संशोधन प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

२०८०/०४/१०
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु
मिति २०८०/०४/१० गते

निर्णय नं. ४ : भीमेश्वर नगरपालिका अन्तर्गत सन्चालित तपसिल बमोजिमका ठेक्काको म्याद तपसिल बमोजिम थप गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | ठेक्काको नाम | ठेक्का नं. | म्याद समाप्त भएको मिति | म्याद थप गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | टुडीखेल/भीमेश्वर रंगशाला स्तरोन्नति, भी.न.पा. ३ | BMP/NCB/WORKS/2076-077/E/21 | २०८०/०३/३१ | २०८० असोज मसान्तसम्म | अन्तिम पटकका लागि |
| २ | कभर्ड हल निर्माण आयोजना, भी.न.पा. ३ | BMP/NCB/WORKS/2076-077/E/13 | २०८०/०३/३१ | २०८० पौष मसान्तसम्म | अन्तिम पटकका लागि |
| ३ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत चरिकोट अस्पताल निर्माण आयोजना भी.न.पा. ३ | BMP/NCB/WORKS/2077-078/E/27 | २०८०/०४/३१ | २०८० माघ मसान्तसम्म | |

निर्णय नं. ५ : भिमेश्वर नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका झोलुंगे पुल निर्माणका लागि हाल कार्यरत गैरसरकारी संस्था : सिविक फोरम नेपालसँगको सहकार्यलाई निरन्तरता दिदै सो संस्थासँगको सहकार्यको म्याद २०८१ असार मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : संघीय सशर्त अनुदान अन्तर्गत झोलुंगे पुल कार्यक्रम अन्तर्गतका पुलहरू तपसिल बमोजिम प्राथमिकताका आधारमा निर्माण गर्ने निर्णय गरियो ।

क) पुला खोला झो.पु

ख) सुलिस (सुलसिंग सुर्के) झो.पु.

ग) भूत-छहरा झो.पु.

घ) कुथाली (कुर्थली) खोला झो.पु.

निर्णय नं. ७ : भीमेश्वर नगरपालिकाको रोजगार रणनीति, २०८० स्वीकृत गर्ने निर्णय गरियो । साथै चालु आ.व. २०८०/०८१ को सुचिकृत बेरोजगार व्यक्तिहरुको वडागत विवरण प्रकाशनका लागि सम्वन्धित वडामा पठाउने निर्णय गरियो ।

२०८०/०४/१०
दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

निर्णय नं. ८ : संघीय सशर्तको विशेष अनुदान अन्तर्गत प्राप्त सरसफाई व्यवस्थापन तथा ज्ञान केन्द्र पूर्वाधार निर्माण शीर्षकबाट तपसिल बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

क) सरसफाई केन्द्रका लागि अति आवश्यक मेशिन उपकरण खरिद गर्ने ।

ख) भीमेश्वर नगरपालिका वडा नं. ६ स्थित सरसफाई केन्द्र पूर्वाधार निर्माण गर्ने ।

निर्णय नं. ९ : भीमेश्वर नगरपालिकाको चालु आ.व. २०८०/०८१ को संलग्न बमोजिमको वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : भिमेश्वर नगरपालिका अन्तर्गत चालु आ.व. २०८०/०८१ मा उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिमको समयसीमा भित्र कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो :-

क) उपभोक्ता समिति गठन २०८० साल असोज मसान्तसम्ममा गरिसक्ने ।

ख) आयोजनाको लागत ईष्टिमेट तयारी २०८० साल असोज मसान्तसम्ममा गरिसक्ने ।

ग) उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण २०८० साल कार्तिक १५ गतेसम्ममा गरिसक्ने ।

घ) आयोजना तथा कार्यक्रमहरुको सम्झौता २०८० साल कार्तिक मसान्तसम्ममा गरिसक्ने ।

ङ) आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएपछि सो को फरफारक तथा अन्तिम भुक्तानीका लागि आवश्यक कागजातहरु सहितको फाईल नगरपालिकामा २०८१ साल बैशाख मसान्तसम्ममा पेश गरिसक्नुपर्ने ।

च) त्यस्ता आयोजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानी २०८१ साल जेठ मसान्तसम्ममा नगरपालिकाले गरिसक्ने ।

छ) उपभोक्ता समितिद्वारा सम्पादन हुने आयोजनाहरुको लागत सहभागिता भवन लगायत Structural निर्माण कार्यमा १० प्रतिशत र अन्यमा २० प्रतिशतसम्म कायम गर्ने ।

निर्णय नं. ११ : भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा विगतदेखि निरन्तर रुपमा करार सेवामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको करार सेवाको म्याद २०८० असार मसान्तमा सकिएको र हाल कार्यरत उक्त कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेको र निजहरुको सेवा कार्यालयलाई हाल पनि आवश्यक रहेकोले करार सेवा शर्त अनुरुपका सेवा सुविधा उपलब्ध गराउने गरी विगतदेखि करार सेवामा कार्यरत तपसिलका कर्मचारीहरुको करार सेवा अवधि २०८० साल श्रावण १ गतेदेखि २०८० साल पौष मसान्तसम्मका लागि थप गरी निरन्तरता दिने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

## करार अवधि थप गरी निरन्तरता भएका करार सेवाका कर्मचारीहरुको विवरण

| क.स. | नाम थर | पद | तह | मासिक पारिश्रमिक रु. | | | | वार्षिक सुविधा रु. | | पारिश्रमिक तथा सुविधा प्रदान गरिने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तलव | स्थानीय भत्ता | महङ्गी भत्ता | जम्मा | चाडपर्व खर्च | पोषाक भत्ता | बजेट शिर्षक | खर्च शिर्षक वा कार्यक्रम | |
| १ | किरण दाहाल | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैठौं | ४३,६८९ | - | - | ४३,६८९ | ४३,६८९ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) र प्रदेश स्थानीय शासन सहयोग कार्यक्रमबाट ७५ प्रतिशत सोधभर्ना प्राप्त हुने | |
| २ | गौरव बस्नेत | इन्जिनियर | अधिकृतस्तर छैठौं | ४३,६८९ | - | - | ४३,६८९ | ४३,६८९ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३ | राजु नारायण श्रेष्ठ | सव इन्जिनियर | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ४ | विकास गौतम | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ५ | कविता वराइली | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ६ | हरिशरण दहाल | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ७ | चित्रवहादुर श्रेष्ठ | असिस्टेन्ट सव इन्जिनियर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ८ | अर्जुन बहादुर लामा | वरिष्ठ सहायक | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | २,००० | ३७,६६० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | साविक जिल विकास सम स्थानीय वि कोषबाट हस्तान्तरण आएका कर्म |
| ९ | लिला बहादुर तमाङ | वरिष्ठ सहायक | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | २,००० | ३७,६६० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| १० | प्रकाश सुवेदी | वरिष्ठ सहायक | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | २,००० | ३७,६६० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ११ | पार्वती श्रेष्ठ | वरिष्ठ सहायक | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | २,००० | ३७,६६० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| १२ | टिका पसाद जोशी | कम्प्यूटर अपरेटर | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| १३ | रविना खडका | सहायक कम्प्यूटर अपरेटर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| १४ | शान्तिबहादुर के.सी. | कार्यालय सहायक | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| १५ | निर्मला बस्नेत | सहायक कम्प्यूटर अपरेटर | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| १६ | शङ्कर प्रसाद पाठक | नायब पशुसेवा प्राविधिक | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |

२०८०/८/१०
दीपक प्रसाद खतिवडा
प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल

| क.स | नाम थर | पद | तह | मासिक पारिश्रमिक रु. | | | | वार्षिक सुविधा रु. | | पारिश्रमिक तथा सुविधा प्रदान गरिने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तलव | स्थानीय भत्ता | महङ्गी भत्ता | जम्मा | चाडपर्व खर्च | पोषाक भत्ता | बजेट शिर्षक | खर्च शिर्षक वा कार्यक्रम | |
| १७ | नवराज दाहाल | नायब पशुसेवा प्राविधिक | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु र संघीय हस्तान्तीरत कार्यक्रम | पारिश्रमिक कर्मचारी (करार सेवा) र कृषि तथा पशुसेवाका एक एक गाउँ एक प्राविधिकको तलब भत्ता ६ महिनाको सोधभर्ना प्राप्त हुने | |
| १८ | सविना अधिकारी | अमिन | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| १९ | शंकरबहादुर खत्री | हल्का सवारी चालक | हल्का सवारी चलक, प्रथमस्तर | २७,६१२ | - | - | २७,६१२ | २७,६१२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २० | श्यामकुमार खडका | हल्का सवारी चालक | हल्का सवारी चलक, प्रथमस्तर | २७,६१२ | - | - | २७,६१२ | २७,६१२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २१ | देवराज कुशुले | हल्का सवारी चालक | हल्का सवारी चलक, प्रथमस्तर | २७,६१२ | - | - | २७,६१२ | २७,६१२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २२ | शान्त कुमार लामा | ब्याक हो लोडर | हेभि सवारी चलक, द्वितीय स्तर | ३३,३३९ | - | - | ३३,३३९ | ३३,३३९ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २३ | राजिव वि.क. | नगर प्रहरी | कार्यालय सहयोगी, प्रथमस्तर | २६,०८२ | - | - | २६,०८२ | २६,०८२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २४ | रेखा लामा | नगर प्रहरी | कार्यालय सहयोगी, प्रथमस्तर | २६,०८२ | - | - | २६,०८२ | २६,०८२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २५ | ओम प्रकाश राउत | नगर प्रहरी | कार्यालय सहयोगी, प्रथमस्तर | २६,०८२ | - | - | २६,०८२ | २६,०८२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २६ | रमा न्यौपाने | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २७ | शिवशंकर बस्नेत | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| २८ | कुमारी सार्की | कुचीकार | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |

२०८०।०४।१०

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| क.स. | नाम थर | पद | तह | मासिक पारिश्रमिक रु. | | | | वार्षिक सुविधा रु. | | पारिश्रमिक तथा सुविधा प्रदान गरिने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तलव | स्थानीय भत्ता | महङ्गी भत्ता | जम्मा | चाडपर्व खर्च | पोशाक भत्ता | बजेट शिर्षक | खर्च शिर्षक वा कार्यक्रम | |
| २९ | ठूली तमाङ | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३० | इन्द्र बहादुर तमाङ | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३१ | रमा सापकोटा | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३२ | मंञ्जु सुवेदी खत्री | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३३ | प्रेम बहादुर कार्की | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३४ | सावित्री थामी | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३५ | करुणा थापा | का.स. | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३६ | सविता थापा खत्री | का.स. | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३७ | सन्तमाया थामी | कायालय सहयोगी | कार्यालय सहयोगी, प्रथमस्तर | २४,७०२ | - | - | २४,७०२ | २४,७०२ | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ३८ | पुजा श्रेष्ठ | हे.अ. | सहायकस्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | सघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदन) | स्थानीय तहको स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीको तलब | |
| ३९ | साजनी तमाङ | हे.अ. | सहायकस्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | | | |
| ४० | प्रवित्रादेवी बास्तोला | हे.अ. | सहायकस्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | | | |
| ४१ | निर्मला विश्वकर्मा | अ.हे.ब. | सहायकस्तर चौथा | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | | | |
| ४२ | अम्बिका घिसिङ | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | स्वास्थ्य, सहरी स्वास्थ्य केन्द्र सञ्चालन अनुदान कार्यक्रम | |
| ४३ | सरिता श्रेष्ठ | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४४ | सावित्री खडका | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४५ | गंगा थापा | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चरिकोट, दोलखा बागमती प्रदेश, नेपाल

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | नाम थर | पद | तह | मासिक पारिश्रमिक रु. | | | | वार्षिक सुविधा रु. | | पारिश्रमिक तथा सुविधा प्रदान गरिने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तलव | स्थानीय भत्ता | महङ्गी भत्ता | जम्मा | चाडपर्व खर्च | पोषाक भत्ता | बजेट शिर्षक | खर्च शिर्षक वा कार्यक्रम | |
| ४६ | मेनुका बुढाथोकी | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४७ | रुपा प्रधान | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४८ | पञ्जु तमाङ | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ४९ | विन्दिया श्रेष्ठ | अ.न.मि. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५० | सोममाया तमाङ | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५१ | संगीता तमाङ | अ.न.मि. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५२ | सपना उप्रती | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५३ | सविना सापकोटा | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५४ | सीता लामा | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५५ | चिरन शिवाकोटी | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५६ | सुजन न्यौपाने | सहायक कम्प्युटर अपरेटर | - | २५,००० | - | - | २५,००० | २५,००० | - | भीमेश्वर चालु | | |
| ५७ | लक्ष्मी श्रेष्ठ | अ.हे.ब. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम - ससर्त | साउनेपानी सहरी स्वस्थ्य केन्द्र सञ्चालन अनुदान जनशक्ति | |
| ५८ | विनितादेवी बस्नेत | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | | | |
| ५९ | रक्षा बस्नेत | अ.न.मी. | - | २५,००० | - | - | २५,००० | २५,००० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम र भीमेश्वर चालु | मातृ तथा नवशिशु कार्यक्रम | |
| ६० | कविता ढुङ्गेल न्यौपाने | एम.आई.एस. अपरेटर | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदन) र भीमेश्वर चालु | एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको पारिश्रमिक तथा चाडपर्व र पोसाक खर्च तथा पारिश्रमिक कर्मचारी (करार सेवा) | |
| ६१ | सुजन साही | फिल्ड सहायक | सहायक स्तर चौथो | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | | | |
| ६२ | डम्बर प्रसाद ओली | रोजगार संयोजक | अधिकृतस्तर छैठौं | ४३,६८९ | १,२९० | - | ४४,९७९ | ४३,६८९ | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदन) | प्रधानमन्त्री रोजगार कार्यक्रम | |
| ६३ | राम बहादुर थामी | प्राविधिक सहायक (सव इन्जिनियर | सहायक स्तर पाचौं | ३४,७०० | ९३० | - | ३५,६३० | ३४,७०० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदन) | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | |
| ६४ | रवी बस्नेत | रोजगार सहायक | सहायक स्तर पाचौं | ३४,७३० | ९३० | - | ३५,६६० | ३४,७०० | - | | | |
| ६५ | रितु बराइली | केषि स्नातक | अधिकृतस्तर छैठौं | ४३,६८९ | - | - | ४३,६८९ | ४३,६८९ | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदन) | कृषि स्नातक करार | |

दीपक प्रसाद खतिवडा
प्रशासकीय अधिकृत

| क.स. | नाम थर | पद | तह | मासिक पारिश्रमिक रु. | | | | वार्षिक सुविधा रु. | | पारिश्रमिक तथा सुविधा प्रदान गरिने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तलब | स्थानीय भत्ता | महङ्गी भत्ता | जम्मा | चाडपर्व खर्च | पोषाक भत्ता | बजेट शिर्षक | खर्च शिर्षक वा कार्यक्रम | |
| ६६ | रेखा दर्जी | उद्यम विकास सहजकर्ता | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( सशर्त अनुदन) | उद्यम विकास कार्यक्रम | |
| ६७ | शान्ता बस्नेत श्रेष्ठ | न्यायिक सहजकर्ता | सहायक स्तर पाचौं | ३४,७३० | - | - | ३४,७३० | ३४,७३० | - | भीमेश्वर चालु | पारिश्रमिक कर्मचारी (करार सेवा) | प्रदेश सरकार कार्यक्रमको निरन्तरता |
| ६८ | मनिल दाहाल | पोषण स्वयम सेवक | - | २३,००० | ५०० | - | २३,५०० | २३,००० | - | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम ( | बहुक्षेत्रीय पोषण कार्यक्रम | रु. ५०० सञ्चार सुविधा |
| ६९ | थिर बहादुर खड्का | नगर आपत्कालीन सेवा केन्द्र - स्वयम सेवक | - | ३२,९०२ | - | - | ३२,९०२ | ३२,९०२ | - | भीमेश्वर चालु | रहात उद्दार तथा पुनर्स्थापना कार्यक्रम | |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु
मिति २०८०/०४/१० गते

निर्णय नं. १२ : आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशबाट स्थानीय तहमा संचालित न्यायिक सहजकर्ता कार्यक्रम आ.व. २०८०/०८१ का लागि नगरपालिकाको हकमा बजेट विनियोजन नभएको व्यहोराको पत्र प्राप्त भएकोले हाल यस कार्यालय अन्तर्गत कार्यरत रहेको न्यायिक सहजकर्ताको कार्य सम्पादन सन्तोषजनक रहेका र कार्यालयलाई निजको सेवा आवश्यक समेत भएकोले निजको सेवा निरन्तरताका लागि कार्यरत न्यायिक सहजकर्ता श्री शान्ता बस्नेत श्रेष्ठलाई करार सेवा शर्त अनुरुपको सेवा सुविधा उपलब्ध गराउने गरी निजको करार सेवा अवधि २०८० श्रावण १ गतेदेखि २०८० पौष मसान्तसम्मका लागि थप गरी निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १३ : मित्र राष्ट्र चीनको दुचियाङयान शहरका मेयर Zhang Yadan बाट यस नगरपालिकाका नगर प्रमुख श्री ईश्वर नारायण मानन्धरलाई जुन ५, २०२३ मा प्रेषित पत्रमा भीमेश्वर नगरपालिका र सिचुवान प्रान्तको छेन्दुस्थित दुचियाङयान शहर बीच भगिनी सम्वन्ध स्थापना गर्न नेपाली महावाणिज्य दूतावास छेन्दु मार्फत प्राप्त पत्र बमोजिम ऐतिहासिक महत्व बोकेको भीमेश्वर नगरपालिका र विश्व सम्पदा सूचीमा सुचिकृत रहेको दुचियाङयान स्थित Mt. Quingcheng, Panda, Water Conservancy Project जस्ता महत्वपूर्ण सम्पदाले युक्त दुवै शहर बीच भगिनी सम्वन्ध स्थापना गरी द्विपक्षीय हितका कार्यहरुलाई जनस्तरबाटै भाईचाराको सम्वन्ध कायम गर्नका लागि आवश्यक प्रक्रियामा जान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १४ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क. को उपदफा १ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातवरणीय प्रभाव मुल्यांकन (EIA) तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) बाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने व्यवस्था भएअनुसार दोलखा जिल्लाको भीमेश्वर नगरपालिकास्थित तामाकोशी नदीको दायाँमा तोकिएको क्षेत्रबाट दीगो रुपमा ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन तथा उत्खनन् कार्यका लागि गरिएको 'प्रारम्भिक वातावरणीय परीक्षणको अन्तिम प्रतिवेदन, २०७८' मिति २०७८ श्रावण २२ गतेको भिमेश्वर नगरपालिका, नगर कार्यपालिकाको बैठकले स्वीकृत गरी हाल कार्यान्वयनमा रहेको र उक्त प्रतिवेदनको अध्याय तीनको बुँदा नं. ३.२ को ४ अनुसार प्रतिवेदनको वैधानिक अवधि उक्त प्रतिवेदन स्वीकृत भएको मितिले २ वर्षसम्म रहेकोमा मिति २०७९/०२/०६ को मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत 'ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९' को दफा १३ (२) मा 'स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको मान्य अवधि ३ वर्षको हुनेछ' भन्ने व्यवस्था भए बमोजिम सोको आधारमा भीमेश्वर नगरपालिकाको उक्त 'प्रारम्भिक वातावरणीय परीक्षणको अन्तिम प्रतिवेदन, २०७८' को वैधानिक अवधि १ वर्ष थप गरी मिति २०८१ साल श्रावण २२ गतेसम्म कायम हुने गरी स्वीकृती प्रदान गर्ने र सोही प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि ढुङ्गा, गिट्टी, बालुवाको सङ्कलन, उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्बन्धी ठेक्का बन्दोवस्त गर्ने प्रक्रिया अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु
मिति २०८०/०४/१० गते

निर्णय नं. १५ : विविध विषय :-

(क) नेपाल सरकारको सङ्घीय सशर्त अनुदान अन्तर्गतको रिक्त पशु चिकित्सक पद -१ को पदपूर्तिका लागि स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम १५ दिनको सूचना प्रकाशन गरी सो रिक्त पशु चिकित्सक पद -१ करार सेवामा पदपूर्ति गर्नका लागि प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख) स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० (१) बमोजिम पाँचौ तहबाट छैठौ तहमा तह वृद्धिका लागि भीमेश्वर नगरपालिका, ७ नं. वडा कार्यालयमा कार्यरत सहायकस्तर पाँचौ तहका ना.सु. श्री ऋषि प्रसाद दहालले पेस गरेका कागजातहरुका आधारमा निजको सेवा समूहसँग सम्वन्धित विषयमा आवश्यक न्यूनतम् शैक्षिक योग्यता भएको, पछिल्लो बढुवा भएको मितिले ५ वर्ष सेवा अवधि पूरा भएको तथा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्यांकनमा औषत ९५ प्रतिशत भन्दा बढी अंक रहेको हुँदा अधिकृत छैठौ तहमा तह वृद्धिका लागि निजको तोकिएका मापदण्ड पूरा भएको हुँदा निजलाई उल्लिखित ऐनको दफा ३० को उपदफा १ बमोजिम मिति २०८० साल श्रावण १ गतेबाट लागू हुनेगरी अधिकृत छैठौ तहमा तहवृद्धि गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ग) आ.व. २०७९/०८० मा भीमेश्वर नगरपालिकाले सम्पादन गरेका आयोजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम २०८० भदौको दोस्रो हसामा सम्पन्न गर्ने निर्णय गरियो ।

घ) हालको मनसुनजन्य विपद्का कारण भीमेश्वर नगरपालिका वडा नं. ७ निवासी मेनुका कुमारी तामाङ घिसिंगको घर आँगनमा क्षति भई बस्नका लागि जोखिम भएकोले सुरक्षित स्थानमा अस्थायी बसोबासका लागि नगरपालिकास्तरीय विपद सम्वन्धी राहत मापदण्ड, २०७८ को बुँदा नं. (६.५) बमोजिम राहत उपलब्ध गराउन सि.नं. १५८ को विपद् व्यवस्थापन कोषबाट रु २०,०००/- (बीस हजार) भुक्तानी गर्ने निर्णय गरियो ।

ङ) हालको मनसुनजन्य विपद्का कारण सबै वडाहरुका सडक नाला अवरुद्ध भएकोले थप क्षति न्यूनीकरण तथा सडक संरक्षणका लागि सम्वन्धित वडाबाट आकस्मिक मर्मत गरी प्राविधिक कार्यमुल्यांकन तथा वडाको सिफारिसको आधारमा सि.नं. १५७ को मर्मत सम्भार कोषबाट रकम भुक्तानी गर्ने निर्णय गरियो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु
मिति २०८०/०४/१० गते

च) हालको मनसुनजन्य विपद्का कारण व्यक्तिको बसोबास गर्ने घर आँगनमा क्षति भई जोखिम भएको अवस्थामा प्राविधिक निरीक्षण प्रतिवेदनका आधारमा घर संरक्षण गर्न सम्वन्धित वडाबाट सिफारिस भई आएका र विपद व्यवस्थापन समितिको निर्णय बमोजिम सम्वन्धित घरधनीले घरको संरक्षणका लागि पर्खाल निर्माण गरी प्राविधिक मुल्यांकन, सो कार्यको फोटो र भुक्तानीको लागि वडाको सिफारिसको आधारमा तपसिल अनुसारका संरक्षण कार्यको लागि सि.नं. १५८ को विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने र उल्लिखित कार्यको भुक्तानी २०८० पौष मसान्तभित्र गरिसक्ने निर्णय गरियो ।

क) ग्याविन टेवा पर्खाल निर्माण वापत अधिकतम रु २५,०००/-

ख) सिमेन्ट मेशिनरी टेवा पर्खाल निर्माण वापत अधिकतम रु २०,०००/-

ग) सुख्खा ढुंगा टेवा पर्खाल निर्माण वापत अधिकतम रु १५,०००/-

छ) मनसुनजन्य विपद् पूर्व तयारी तथा व्यवस्थापनका लागि सम्वन्धित वडाबाट विपद व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट त्रिपाल लगायत सो सम्वन्धी अन्य आवश्यक् सामाग्री नगरपालिंका मार्फत खरिद गरी सम्वन्धित वडामा उपलव्ध गराउने निर्णय गरियो ।

ज) भीमेश्वर नगरपालिका क्षेत्रभित्रका आहालडाँडा खरिढुंगा क्षेत्र, तामाकोशी क्षेत्र, देउराली क्षेत्र लगायतका सार्वजनिक स्थानहरुमा टहराहरु बनाई बसोबास तथा व्यवसाय गर्ने व्यक्तिहरुबाट नियमानुसार तोकिए बमोजिमको कर उठाई निजहरुलाई बहाल बिरौटि करको दायरामा ल्याउने निर्णय गरियो । साथै नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धि गर्ने सन्दर्भमा बजार क्षेत्र र वडाहरु सबैमा कर संकलन अभियान संचालन गर्ने निर्णय गरियो ।

झ) भीमेश्वर नगरपालिकाबाट निर्माण भएका तपसिलका सार्वजनिक पूर्वाधारहरुको संरक्षण, सन्चालन तथा व्यवस्थापनका लागि सूचना प्रकाशन गर्ने र संचालन, संरक्षण तथा व्यवस्थापनका लागि तपसिल बमोजिम शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

अ) वडा नं. ६ को भ्युटावर - वार्षिक रु १२,०००/-

आ) वडा नं. २ को चम्पुजा पार्क - वार्षिक रु १०,०००/-

इ) वडा नं. ५ को मयुरपार्क - निशुल्क (संरक्षण तथा व्यवस्थापनका लागि)

ई) वडा नं. ५ को जेष्ठ नागरिक आरोग्य केन्द्र, पिपलबोट - निशुल्क (संरक्षण तथा व्यवस्थापनका लागि)

ञ) भीमेश्वर नगरपालिकाबाट निर्माण भएको टुडीखेल भवनको सडक तर्फका व्यवसायिक सटरहरुलाई भाडामा लगाई नगरपालिकाको आन्तरिक आय वृद्वि गर्न उक्त कोठाहरुमा सटर निर्माण गर्नलाग्ने लागत अनुमान तयार गरी कार्य गराउने र सो को ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु
मिति २०८०/०४/१० गते

ट) सडक किनारा हरियाली कार्यक्रम अन्तर्गत चरिकोट-दोलखा बजारको सडकको दाँयाबाँया लगाईएका विरुवाहरुको गोडमेल तथा संरक्षण कार्यका लागि सि.नं. १५६ को वातावरण व्यवस्थापन कोषबाट रु ३०,०००/- (तिस हजार) उपलब्ध गराउने निर्णय गरियो ।

ठ) भीमेश्वर नगरपालिका अन्तर्गत ठेक्का मार्फत निर्माणाधीन भवन/संरचनाहरुमा ठूलो परिमाणमा विद्युतीकरणको कार्य गर्नुपर्ने भएको र यस कार्यालयमा उक्त कार्यको लागि सम्वन्धित बिज्ञ जनशक्ति नभएकोले सम्वन्धित भवन निर्माण आयोजनाको कन्टिन्जेन्सीबाट व्ययभार व्यहोर्ने गरी Electrical Engineering सम्वन्धी जनशक्ति आयोजना अवधिभरका लागि सेवा करार संझौता गरी सो सम्वन्धी कार्य गर्न/गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ड) २०७२ सालको विनासकारी भूकम्प पश्चात भीमेश्वर नगरपालिका वडा नं ४ स्थित डिही फसीभै एकिकृत बस्तीको तोकिएको चारकिल्ला भित्र रहेको भूकम्प पीडितको भिमेश्वर नगरपालिका, डिही फसीभै एकिकृत बस्ती उपभोक्ता समिति र तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), दोलखाको संयुक्त अगुवाईमा निर्माण सम्पन्न भएको डिही फसीभै एकिकृत बस्तीको विकसित घडेरीभित्र एकिकृत बस्ती निर्माण कार्य सम्पन्न भएको हुँदा उक्त क्षेत्रभित्रको भूकम्प पिडित लाभग्राहीहरुलाई कानुनी प्रक्रिया पूरा गरी जग्गाधनी प्रमाण पत्र उपलव्ध गराउन नापी बिभाग र भूमि व्यवस्थापन तथा अभिलेख विभागमा अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो ।

दीपक प्रसाद खतिवडा
प्रमुख प्रशासकीय अधिकृत